**मिति २०७१।५।२९**

# इन्जिनियरिंग अध्ययन संस्थान अन्तर्गत पुल्चोक क्याम्पसको B.E./B.Arch. तहमा भर्ना सम्बन्धी सूचना

इन्जिनियरिंग अध्ययन संस्थान प्रवेश परीक्षा बोर्डद्वारा शैक्षिक वर्ष २०७१।७२ मा B.E./B.Arch. तहमा भर्नाका लागि २०७१ सालमा लिइएको प्रवेश परीक्षामा उत्तीर्ण भएका परीक्षार्थीहरु मध्ये यस क्याम्पसमा भर्ना हुन चाहने आवेदकहरुको लागि निम्नानुसारको कार्यक्रम प्रकाशन गरिएको छ ।

**यस अघि मिति २०७१।५।६ को सूचना अनुसार आवेदन फाराम भरिसकेका आवेदकहरुले पुनः आवेदन फाराम भर्नु पर्नेछैन ।**

| **कार्यक्रम** | | **मिति र समय** |
|---|---|---|
| १) भर्नाका लागि आवेदन फाराम (Online Application Form) भर्ने | : | २०७१ भाद्र ३० गते विहान १०:०० बजेदेखि<br>२०७१ आश्विन ३ गते अपरान्ह ३:०० बजेसम्म |
| २) कोटाका लागि निवेदन दिनुपर्ने | : | २०७१ भाद्र ३१ गते देखि आश्विन ३ गते अपरान्ह ३:०० बजेसम्म<br>सूचना प्रविधि केन्द्र, पुल्चोक क्याम्पसमा बुझाउनु पर्नेछ । |
| ३) आवेदकहरुको नामावली प्रकाशन | : | २०७१ आश्विन ४ गते विहान १०:०० बजे |
| ४) प्राथमिकतामा थपघट वा संशोधन | : | २०७१ आश्विन ४ गते बिहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म |
| ५) आर्किटेक्चरको झुकाव परीक्षा (Aptitude Test) | : | २०७१ आश्विन ५ गते बिहान ८:०० |
| ६) आर्किटेक्चरको झुकाव परीक्षा (Aptitude Test) को नतिजा प्रकाशन | : | २०७१ आश्विन ६ गते अपरान्ह ५:०० |
| ७) प्रथम सूची प्रकाशन | : | २०७१ आश्विन ७ गते विहान १०:०० बजे |
| ८) प्रथम सूची उपर दावि विरोध | : | २०७१ आश्विन ७ गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म |
| ९) संशोधित प्रथम सूची प्रकाशन | : | २०७१ आश्विन ७ गते साँझ ७:०० बजे |
| १०) प्रथम सूचीको भर्ना | : | २०७१ आश्विन ८, ९ र १० गते विहान ११:०० देखि अपरान्ह ४:०० बजेसम्म ।<br>(कार्यक्रम अनुसारको विस्तृत भर्ना तालिका प्रथम सूची संगै प्रकाशन गरिनेछ ।) |
| ११) दोश्रो सूची प्रकाशन | : | २०७१ आश्विन ११ गते विहान १०:०० बजे |
| १२) दोश्रो सूची उपर दावी विरोध | : | २०७१ आश्विन ११ गते बिहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म |
| १३) संशोधित दोश्रो सूची प्रकाशन | : | २०७१ आश्विन ११ गते साँझ ७:०० बजे |
| १४) दोश्रो सूचीको भर्ना | : | २०७१ आश्विन १२ र १३ गते |
| १५) तेश्रो सूची प्रकाशन | : | २०७१ आश्विन २३ गते बिहान १०:०० बजे |
| १६) तेश्रो सूची उपर दावि विरोध | : | २०७१ आश्विन २४ गते बिहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म |
| १७) संशोधित तेश्रो सूची प्रकाशन | : | २०७१ आश्विन २४ गते साँझ ७:०० बजे |
| १८) तेश्रो सूचीको भर्ना | : | २०७१ आश्विन २६ गते |
| १९) रिक्त सिटहरुको लागि सूचना प्रकाशन | : | २०७१ आश्विन २७ गते |

**द्रष्टव्य : उपरोक्त कार्यकमहरुका दिन सार्वजनिक विदा वा आकष्मिक विदा परेमा समेत भर्ना समितिको कार्यालय खुला रहने तथा सम्पूर्ण भर्ना कार्यकमहरु यथावत रहने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।**

## १) अनलाइन फाराम भर्ने व्यवस्था:

यस क्याम्पसमा स्नातक तहका विभिन्न कार्यक्रमहरुमा भर्ना हुनको लागि Online Application Form भर्ने व्यवस्था गरिएकोले २०७१ भाद्र ३ गते बिहान १०:०० बजेदेखि २०७१ आश्विन ३ गते बेलुकी ३:०० बजेसम्म Online Form भर्न सकिनेछ । यो फाराम Website www.pcampus.edu.np वा www.ioe.edu.np मा उपलब्ध हुनेछ । फाराम भरेपछि फाराम भरेको प्रमाण स्वरुप Confirmation Page प्रिन्ट गरी साथै राख्नु पर्नेछ ।

अनलाइन फाराम भर्न असमर्थ भएमा यस क्याम्पसको सूचना प्रविधि केन्द्र (CIT) बाट रु.१००।- तिरी फाराम भराउन सकिने छ ।

## २) बैंक भाउचर भर्दा ध्यान दिनुपर्ने कुराहरुः

(क) भर्नाको लागि Online Application Form भर्दा आवेदन दस्तुर रु.२००।- लाग्नेछ । एक बिषयको लागि कुनै शुल्क लाग्ने छैन । तर एक भन्दा बढी बिषयलाई प्राथमिकता क्रममा राखी फाराम भरेमा प्रति बिषय थप रु. १५०।- का दरले शुल्क लाग्नेछ । कुनै पनि बिषयको नियमित (Regular) र पूर्णशुल्किय (Full Fee) दुवै कार्यक्रममा भर्ना हुन आवेदन दिएमा सो लाई दुई बिषय मानिनेछ । आवेदकले भरेको प्राथमिकता अनुसारको शुल्क Confirmation Page मा उल्लेख हुनेछ । सो पेजमा उल्लेखित शुल्क सिद्धार्थ बैंक लिमिटेड पाटन ढोका शाखामा रहेको यस क्याम्पसको खाता नं. ००९१५०१९२०३ मा मिति २०७१ भाद्र ३० गते बिहान १०:०० बजे देखि आश्विन ३ गते अपरान्ह ३:०० बजे भित्र जम्मा गरी प्राप्त भएको भाउचर लिनु पर्नेछ ।

(ख) बैंक भाउचर भर्दा संलग्न नमूना अनुसार Deposited by मा आवेदकको पुरा नाम र IOE Entrance Exam को Roll No. प्रष्ट संग लेख्नु पर्नेछ ।

(ग) आवेदकहरुले शुल्क बुझाएको/नबुझाएको (रकम र समय) Bank Statement संग कम्प्यूटर प्रविधिबाट रुजू गरिने भएकाले तोकिएको समय २०७१ आश्विन ३ गते ३:०० बजे भित्र उपरोक्त खाता नं. मा पुरा शुल्क बुझाउनु हुन सूचित गरिन्छ । यसमा अन्यथा हुन गएमा Online मार्फत प्राप्त आवेदन स्विकार्य नहुने भएकोले सजग गराइएको छ

## ३) प्राथमिकता क्रममा थपघट वा संशोधनः

अनलाइन फारम भर्दा तोकेको प्राथमिकता क्रममा थपघट वा संशोधन गर्नु परेमा मिति २०७१ आश्विन ४ गते बिहान ११ बजे देखि अपरान्ह ३:०० बजे सम्ममा थपघट वा संशोधन गर्न सकिनेछ । कार्यक्रम थपघट वा संशोधनको लागि निम्नानुसार थप शुल्क सहितको बैंक भाउचर संलग्न गरी क्याम्पस भर्ना समितिमा निवेदन दिनु पर्नेछ ।

प्राथमिकता संशोधन शुल्क रु.१५०।- लाग्नेछ ।

बिषय थप गर्नु परेमा प्रति बिषय रु.१५०।- लाग्नेछ ।

प्राथमिकता घटाएमा बुझाइसकेको शुल्क फिर्ता हुनेछैन ।

## ४) सुरक्षित कोटामा भर्ना सम्बन्धमा

भर्ना सम्बन्धी जानकारी पुस्तिका २०७१ को दफा ६ को उपदफा ६.२, ६.३ र ६.४ मा उल्लेखित कोटाहरुको लागि आवेदन गर्ने आवेदकहरुले बुझाउनुपर्ने आवश्यक कागजात र निवेदन मिति २०७१ भाद्र ३१ गतेदेखि आश्विन ३ गते अपरान्ह ३:०० बजेसम्म पुल्चोक क्याम्पस, सूचना प्रविधि केन्द्रमा निम्न कागजातहरु सहित दर्ता गराउनु पर्नेछ ।

क) निवेदन र माथि बुँदा नं. १ र २ मा उल्लेख गरिएको बैंक भाउचर र Online आवेदन भरेको Confirmation Page

ख) कोटा सम्बन्धी प्रावधान ६.२, ६.३ र ६.४ का सन्दर्भमा

- दफा ६.२ शिक्षक कर्मचारी कोटाका आवेदकले इ.अ.संस्थान डीनको कार्यालयबाट पूर्व स्विकृती पत्र । शिक्षक कर्मचारीका छोराछोरीका लागि आवेदन दिने भएमा सम्बन्धित शिक्षक कर्मचारी कार्यरत क्याम्पस कार्यालयबाट सिफारिस पत्र ।
- दफा ६.३ (क) का लागि सरकारी कार्यालय र सरकारी स्वामित्व रहेको संस्थाहरुमा कार्यरत कर्मचारीहरु ४ वर्षको लागि (आर्किटेक्चर भए ५ वर्ष) अध्ययनमा सम्मिलित हुन सक्ने विभागिय स्विकृती पत्र तथा प्रायोजन गर्ने संघ संस्थाको पत्रको सक्कल प्रति ।
- दफा ६.३ (ख) का आवेदकले प्रायोजन गर्ने सरकारी कार्यालयको अध्ययन अवधिको लागि प्रायोजित गरिएको पत्रको सक्कल प्रति र सम्बन्धित विद्यार्थी एस.एल.सी. उत्तीर्ण गरेको विद्यालय सामुदायिक/सरकारी हो भनि शिक्षा मन्त्रालय वा सम्वन्धित जिल्ला शिक्षा कार्यालयबाट प्रमाणित सक्कल पत्र ।
- दफा ६.४ विदेशी विद्यार्थीका लागि सम्वन्धित देशको पासपोर्ट वा राजदूतावासबाट प्रमाणित गरेको पत्रको सक्कल र प्रमाणित प्रतिलिपि ।
- उपरोक्त उल्लेख भए बमोजिम दफा ६.३ (क) र ६.३ (ख) मा उल्लेखित कोटामा आवेदन दिने आवेदक भर्नाको लागि छनोट भएमा भर्ना हुन आउँदा प्रायोजन गर्ने निकायबाट चेक मार्फत मात्र भुक्तानी स्विकार गरिने छ ।

## ५) आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरुः

(क) यस क्याम्पसमा सबै कार्यक्रमहरुको नियमित र पूर्णशुल्किय गरी १२ प्राथमिकताहरु छन् । आवेदकले प्रवेश परीक्षामा प्राप्त गरेको Rank (योग्यताक्रम) को आधारमा Online Application Form मा उल्लेखित प्राथमिकता क्रमानुसार भर्ना सूची प्रकाशन गरिने भएकोले Online Application Form मार्फत आवेदन दिंदा १२ प्राथमिकताहरु मध्ये आफूलाई इच्छा भएको कार्यक्रमहरुको लागि प्राथमिकता क्रम तोकी आवेदन दिनु पर्नेछ ।

(ख) तल्लो प्राथमिकतामा नाम प्रकाशन भई भर्ना भइसकेका आवेदकहरुको योग्यताक्रमले भ्याएमा माथिल्लो प्राथमिकता क्रममा स्वतः नाम प्रकाशन हुनेछ ।

(ग) माथिल्लो प्राथमिकतामा नाम प्रकाशन भई भर्ना भएका अवेदकले तल्लो प्राथमिकताका कार्यक्रममा परिवर्तन गर्न पाउँने छैनन् ।

(घ) कुनै आवेदकले आफूले प्राथमिकताक्रममा राखेको तल्लो प्राथमिकताक्रममा नाम प्रकाशित भई भर्ना भएमा मात्र पछिल्ला सूचीहरुमा आवेदकहरुको योग्यताक्रमले भ्याएमा माथिल्लो प्राथमिकता तोकेका कार्यक्रमहरुमा नाम प्रकाशन गरिनेछ ।

कुनै आवेदकको नाम आफुले तोकेको तल्लो प्राथमिकताको कार्यक्रममा प्रकाशित भएमा निज पछिल्ला सूचीहरुमा माथिल्लो प्राथमिकताको कार्यक्रममा जान तल्लो प्राथमिकताको कार्यक्रममा भर्ना भएकै हुनु पर्नेछ ।

**जस्तैः** कुनै विद्यार्थीले पहिलो प्राथमिकता कम्प्यूटर इन्जिनियरिङ्ग नियमित, दोश्रो प्राथमिकता सिभिल पूर्णशुल्किय तथा तेश्रो प्राथमिकता आर्किटेक्चर नियमित कार्यक्रमको लागि आवेदन गरेको र यस्तो विद्यार्थीको नाम आर्किटेक्चर नियमित कार्यक्रममा भर्नाका लागि प्रकाशन भई निज आर्किटेक्चर कार्यक्रममा भर्ना नभएको खण्डमा भर्ना प्रक्रियाबाट बाहिरिएको मानिनेछ ।

(ङ) कुनै नियमित कार्यक्रममा भर्ना भएका आवेदकहरुको नाम माथिल्लो प्राथमिकता दिएको कारण पछि पूर्णशुल्किय कार्यक्रममा निक्लेमा निजले पूर्णशुल्किय कार्यक्रमका लागि आवश्यक थप रकम जम्मा गरी अनिवार्य भर्ना हुनु पर्नेछ, नभएमा निजको भर्ना खारेज गरिनेछ ।

**तसर्थ आफूलाई इच्छा नलागेको कार्यक्रमलाई प्राथमिकतामा नभर्नुहुन सूचित गरिन्छ ।**

(च) भर्ना सूचीमा नाम प्रकाशन भई भर्ना हुँदा आफू माथिल्लो प्राथमिकतामा अव उप्रान्त नसर्ने भनी आवेदक स्वयम्ले भर्ना समितिमा लिखित निवेदन दिएमा मात्र निज भर्ना भएकै कार्यक्रममा रहन सक्नेछन् ।

## ६) भर्ना हुँदा ध्यान दिनुपर्ने बिषयहरुः

(क) भर्नाका लागि नाम प्रकाशन भएपछि अनिवार्य रुपमा तोकिएको मिति र समय भित्र आवश्यक शुल्क र कागजात पेश गरी भर्ना हुनु पर्नेछ ।

(ख) कारणवश अघिल्लो कुनै सूचीमा नाम प्रकाशित भएका आवेदकहरुले म्यादभित्र भर्ना हुन नसकेमा र निजले पुनः भर्ना हुन चाहेमा समिति समक्ष निवेदन दिनुपर्नेछ । यसरी निवेदन दिनेहरुको नाम निवेदन दिएको लगतै पछि निस्कन लागेको सूचि पछि निस्कने अर्को सूचीमा स्थान रिक्त भएमा मात्र योग्यताक्रमानुसार नाम समावेश गरिनेछ ।

## ७) भर्ना हुनको लागि पेश गर्नुपर्ने कागजातहरुः

(क) इन्जिनियरिङ्ग अध्ययन संस्थानको वि.ई./वि.आर्क. प्रवेश परीक्षाको Score Card को Printed प्रति ।

(ख) Online Form भर्दा Confirmation Page मा उल्लेख भएबमोजिमको रकम सिद्धार्थ बैंकमा बुझाएको सक्कल बैंक भाउचर ।

(ग) भर्ना सम्बन्धी जानकारी पुस्तिका २०७१ को दफा ९ मा उल्लेख भए अनुसारको शुल्क ।

(घ) एस.एल.सी. वा सो सरहको परीक्षाको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १।१ प्रति ।

(ङ) त्रि.वि. वा त्यसबाट मान्यताप्राप्त शिक्षण संस्थावाट प्रमाणपत्र तह/उच्च माध्यमिक तह (+२)/ए लेभलमा भौतिक शास्त्र, रसायन शास्त्र तथा गणित बिषय लिई भौतिक विज्ञान समूह वा दुवै पत्र गणित लिई जीव विज्ञान समूह वा इन्जिनियरिङ्ग डिप्लोमा तह वा सो सरहको परीक्षामा कूल पूर्णाङ्कको कम्तिमा ४५ प्रतिशत अंक प्राप्त गरी उत्तिर्ण गरेको प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति । इ.अ.संस्थान इन्जिनियरिङ्ग डिप्लोमा तेश्रो वर्ष प्रथम खण्डसम्म सबै बिषयहरुमा उत्तिर्ण भई अन्तिम सेमेष्टरको परीक्षामा सम्मिलित भएको प्रमाणपत्र पेश गरेमा Provisional (अस्थायी) भर्नाको लागि योग्य हुनेछन् ।

(च) नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति ।

(छ) त्रि.वि. बाहेक अन्य विश्वविद्यालय, परीक्षा बोर्डबाट प्रविणता प्रमाणपत्र वा सो सरहको परीक्षा उत्तिर्ण गर्नेहरुले सम्बन्धित बोर्डको माइग्रेसन सर्टिफिकेट, बोर्ड सर्टिफिकेट वा प्रोभिजनल सर्टिफिकेटको सक्कल र प्रमाणित प्रतिलिपि १।१ प्रति ।

(ज) सुरक्षित कोटामा आवेदन दिने आवेदकहरुले माथि बुँदा नं. ४ मा उल्लेखित कागजातहरु ।

प्रवेश परीक्षामा उत्तिर्ण भई यस क्याम्पसमा भर्ना हुन चाहने आवेदकहरुले इ.अ.संस्थानबाट प्रकाशित भर्ना सम्बन्धी जानकारी पुस्तिका २०७१ र भर्ना सम्बन्धी विस्तृत सूचना ध्यान दिएर पढ्न हुन र सूचना बमोजिम तोकिएको मितिमा तोकिएमो प्रक्रिया पुरा गर्नुहुन ध्यानाकर्षण गराइन्छ ।


## ८) B.Arch. कार्यक्रममा भर्नाको लागि विशेष सूचना

- B.Arch. (आर्किटेक्चर) कार्यक्रममा भर्नाको लागि आवेदन दिने आवेदकहरुले मिति २०७१ आश्विन ५ गते बिहान ८:०० बजे यस क्याम्पसद्धारा संचालन गरिने झुकाव परीक्षा (Aptitude Test) दिनुपर्नेछ ।
- झुकाव परीक्षा (Aptitude Test) मा अनुपस्थित भएमा वा अनुतिर्ण भएमा त्यस्ता विद्यार्थीहरु आर्किटेक्चर कार्यक्रमका लागि योग्य हुने छैनन् ।
- आर्किटेक्चर कार्यक्रममा प्राथमिकता तोकी आवेदन दिने आवेदकहरुलाई झुकाव परीक्षा (Aptitude Test) को लागि थप रु.२००।- लाग्नेछ ।

९) यसपछिका कार्यक्रमहरुका लागि मिति २०७१ आश्विन २७ गते सूचना प्रकाशित गरिनेछ ।

अध्यक्ष
भर्ना समिति २०७१
**पुल्चोक क्याम्पस**

**<u>बैंक भाउचर नमुना :</u>**



SiddharthaBank

**DEPOSIT SLIP**
निक्षेप जम्मा रसिद

BRANCH शाखा
DATE मिति

Account Type: खाताको प्रकार: Current चल्ती | Savings बचत | Call कल | ✓ Others अन्य

A/C No. खाता नं. 00915019203 CASH नगद / CHECK चेक

Account Holder's Name खातावालाको नाम: PULCHOWK CAMPUS

Amount in Figures रकम अंकमा

Check Deposit चेक जम्मा

| Check No. चेक नं. | Drawee Bank-Branch चेक लेखिएको बैंक-शाखा | Amount रकम |
|---|---|---|
| | | |
| | TOTAL जम्मा | |

Cash Deposit नगद जम्मा

| Denomination नगद विवरण | | |
|---|---|---|
| 1000 x | = | |
| 500 x | = | |
| 250 x | = | |
| 100 x | = | |
| 50 x | = | |
| 25 x | = | |
| 20 x | = | |
| 10 x | = | |
| 5 x | = | |
| 2 x | = | |
| 1 x | = | |
| Coins | = | |
| TOTAL जम्मा | | |

Amount in words रकम अक्षरमा

Business Transaction व्यापारिक कारोबार | Salary तलब | Sale of Assets सम्पत्ति बिक्री | Borrowings सापटी | Others (Please Specify) अन्य (खुलाउनुहोस्)

Deposited by जम्मा गर्ने Name नाम RAM CHANDRA CHAUDHARY Sign हस्ताक्षर Ram
EXAM ROLL NO. 16026

Bank's copy